# पाँचपोखरी थाङ्पाल गाउँपालिका

## रोजगार सेवा केन्द्र

थाङ्पालधाप, सिन्धुपाल्चोक



# वार्षिक प्रगती प्रतिवेदन


तयार गर्नेः

धुब प्रसाद लामिछाने

रोजगार संयोजक

# प्रतिवेद्नको सारांस

रोजगारीको हकलाई नेपालको संविधानमा नागरिकको मौलिक हकको रुपमा उल्लेख गरिएको छ। संविधानत् हरेक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने अधिकार समेत रहेको छ। नेपाल सरकारले संविधान अनुसार नागरिकलाई रोजगारीको अवसर प्रदान गर्ने उद्देशयले रोजगारीको हक संवन्धि ऐन २०७५ तथा रोजगारीको हक सम्वन्धि नियमावली २०७५ जारी गरिसकेको छ। रोजगारीको हक संवन्धि ऐन २०७५ मा भएको व्यवस्था अनुसार नागरीकलाई रोजगारीको अवसर प्रदान गर्न नेपाल सरकारले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम को अवधारणा तयार गरि कार्यक्रम कार्यान्वयनमा ल्याएको हो।

सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङपाल गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न २०७५ फाल्गुण २६ गते रोजगार संयोजक नियुक्ती गरि पठाए पश्चात नियमित रुमा कार्यक्रम सञ्चालनमा आएको छ। आ.व. २०७५/०७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गाउँपालिकामा *रोजगार सेवा केन्द्रको स्थापना तथा सञ्चालन र बेरोजगार व्यक्तिको सुचिकरण गर्ने* गरि कार्यक्रम सञ्चालन गरिएको भए पनि सरकारले बेरोजगार दर्ताका लागि निबेदन दिएका केही बेरोजगारहरुका लागि निश्चित दिनको रोजगारीको अवसर सिर्जना गर्न कामका लागि *पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन* गर्न शसर्त अनुदान समेत उपलब्ध गराएकोले उक्त कार्यक्रम समेत कार्यान्वयन भएको छ।

सरकारले बेरोजगार व्यक्तिहरुका लागि कम्तीमा एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने र तोकिए अनुसार रोजगारी दिन नसकेमा बेरोजगार व्यक्तिहरुलाई सरकारले तोकेको मापदण्डका आधारमा निर्वाह भत्ता समेत उपलब्ध गराउने गरि प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात भएको छ। आ.व. २०७५/०७६ मा सरकारको अवधारणा आुसार कार्यक्रम सञ्चालनका लागि यस **पाँचपोखरी थाङपाल गाउँपालिकामा** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रको स्थापना गरि सञ्चालनमा ल्याइएको छ। कार्यक्रम अनुसार बेरोजगार दर्ताका लागि गाउँपालिकाले प्रकाशन गरेको सूचना अनुसार आ.व. २०७५/०७६ कुल १७५६ (महिला ६३१, ३६% र पुरुष ११२५, ६४%) जनाले आफु बेरोजगार रहेको भनी बेरोजगार दर्ताका लागि रोजगार सेवा केन्द्रमा निवेदन दर्ता गराएका छन्।

आ.व. २०७५/०७६ मा यस गाउँपालिकामा सूचिकृत बेरोजगारहरुलाई *कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन गर्न रु. २९,००,०००।०० शसर्त अनुदानको रुपमा उपलब्ध भएको थियो।* उक्त रकमबाट विभिन्न वडाबाट सिफारीस भई आएका १८ वटा आयोजना कार्यान्वयन गरिएको छ। उक्त आयोजनामा २२८ (महिला ८२ र पुरुष १४६) जना सूचिकृत बेरोजगारहरुले औषत १३ दिनको रोजगारी प्राप्त गरेका छन्। आयोजना सञ्चालन गर्न प्राप्त अनुदान मध्ये रु. २६,४७,७६६।०० खर्च भएको छ। खर्च भएको रकम मध्ये *७७% कामदार ज्याला, १८% निर्माण सामग्री खरिद, ३% औजार खरिद तथा २% रकम प्राविधिक तथा आयोजना व्यवस्थापनमा खर्च* भएको छ। आयोजना सञ्चालन गर्ने क्रममा सञ्चालन गरिएको काम तथा आयोजनाको भुक्तानी प्रक्रियाले गर्दा आगामी दिनमा समेत यस किसिमका आयोजनालाई निरन्तरता दिनुपर्ने धारणा सरोकारवालाहरुको रहेको छ। समुदायमा यस किसिमका आयोना सञ्चालन हुँदा समुदायको आर्थिक अवस्थामा सुधार आउने, समान काम समान ज्याला हुँदा महिलाहरुको आर्थिक शसक्तिकरण्मका टेवा पुग्ने तथा समृद्धिको लागि आधार तयार हुने भएकोले गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरुका लागि समेत छुट्टै कार्यविधि तयार गरि प्रधानमन्त्री रोजगार कार्यक्रमको मोडलमा आयोजना कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाएको छ।

# विषयसूची


प्रतिविद्नको सारांस ....... १

१. पृष्ठभुमी: ....... ३

२. कार्यक्रमको दिर्घकालिन सोच तथा लक्ष्य: ....... ४

३. कार्यक्रमको उद्धेश्य: ....... ४

४. कार्यक्रमको रणनीति: ....... ४

५. सञ्चालन भएका क्रियाकलाप तथा उपलब्धिहरु: ....... ५

५.१ रोजगार सेवा केन्द्रको स्थापना: ....... ५

५.२ बेरोजगार ब्यक्तिहरुको तथ्यांक संकलन: ....... ५

५.३ कार्यक्रम सम्वन्धि अभिमुखिकरण: ....... ६

५.४ स्थानीय निर्देशक समितिको बैठक: ....... ६

५.५ कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन: ....... ७

५.५.१ आयोजनाको छनोट: ....... ७

५.५.२ प्राविधिकहरुलाई अभिमुखिकरण: ....... ८

५.५.३ कामदार अभिमुखिकरण: ....... ८

५.५.४ आयोजना कार्यान्वयन: ....... १०

क) सिंचाई कुलो मर्मत: ....... १०

ख) सडक मर्मत: ....... ११

ग) भवन मर्मत तथा पर्यटन प्रवर्द्धन: ....... १२

घ) बाँध तथा तटवन्ध निर्माण: ....... १४

५.५ कार्यक्रमको अनुगमन: ....... १४

५.६ कामदारको बैंक खाता सञ्चालन: ....... १५

५.७ गाउँपालिकाको लागत साझेदारी: ....... १५

६. कार्यक्रमको खर्च व्यवस्थापन: ....... १५

७. कार्यक्रमको निश्कर्ष तथा सुझाव: ....... १७

# पाँचपोखरी थाङ्पाल गाउँपालिका

## रोजगार सेवा केन्द्र

### थाङ्पालधाप, सिन्धुपाल्चोक

# वार्षिक प्रगती प्रतिवेदन

### १. पृष्ठभुमी:

नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ। संविधानको धारा ३३ (१) मा प्रत्येक नागरीकलाई रोजगारीको हक हुनेछ भन्ने उल्लेख छ भने सोही धाराको (२) मा प्रत्येक नागरीकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भन्ने कुरा उल्लेख भएको छ।

नेपाल सरकारले संविधानमा भएको उक्त व्यवस्थालाई व्यवहारमा उतार्न प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारणा तयार गरी रोजगारीको हक सम्वन्धि ऐन २०७५ स्विकृत गरि विधिवत रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात गरेको छ। सरकारले कार्यक्रम कार्यान्वयनका लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय तह बिच त्रिपक्षिय समझदारी (सम्झौता) भएको छ। उक्त समझदारीमा कार्यक्रम सञ्चालनका लागि आ आफ्नो तहबाट पहल गर्ने, रोजगारीको अवसर सिर्जनाहुने गरि योजना तजुमा गर्ने र कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ। स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि **रोजगार सेवा केन्द्रको स्थापना** गरि सञ्चालनमा ल्याइएकोछ।

कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रत्येक स्थानीय तहमा १/१ जना रोजगार संयोजक नियुक्ति गर्ने क्रममा २०७५ फाल्गुण २६ गते देखि यस गाउँपालिकाको रोजगार संयोजकको जिम्मेवारीमा मलाई खटाइएको थियो। रोजगार संयोजकको रुपमा जिम्मेवारी लिएपश्चात गाउँपालिकासँग आवश्यक समन्वय गरि रोजगार सेवा केन्द्रको स्थापना र निर्देशिका अनुसार नियमित रुपमा कार्यक्रमहरु सञ्चालनमा आएको छ।

कार्यक्रम सञ्चालनको क्रममा यस आ.व २०७५/०७६ मा बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गर्ने र बेरोजगारहरुको सुचिकरण गर्ने कार्यक्रम रहेको भए पनि मन्त्रालयले रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको सुनिश्चितताका लागि मन्त्रिपरिषदको मिति २०७६।१।२२ को बैठकबाट *कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६,* स्विकृत गरि कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहलाई शसर्त अनुदान समेत उपलब्ध गराएकोले उक्त अनुदान रकमबाट गाउँपालिकाको विभिन्न वडाबाट सिफारीस भै निर्देशक समितिबाछ स्विकृत भएका आयोजनाहरु कार्यान्वयन गरिएको छ।

## २. कार्यक्रमको दिर्घकालिन सोच तथा लक्ष्य:

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ । स्थानीय स्तरमा सञ्चालन हुने रोजगारीका अवसरहरुबाट आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य रहेको छ ।

## ३. कार्यक्रमको उद्देश्य:

प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय स्तरमा बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरि स्थानीय स्तरमा सञ्चालन हुने आयोजनाहरुमा बेरोजगार सुचिमा सूचिकृत बेरोजगारहरुलाई परिचालन गर्ने सोचका साथ सञ्चालनमा ल्याइएको कार्यक्रम हो । कार्यक्रमको उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## ४. कार्यक्रमको रणनीति:

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा स्थानीय स्तरमा अधिकतम रोजगारीका अवसरहरुको सिर्जना गर्नका लागि निम्न अनुसार रणनीति अवलम्वन गरिएको छ ।

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने ।

(घ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(ङ) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## ५. सञ्चालन भएका क्रियाकलाप तथा उपलब्धिहरु:

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रारम्भ गरे सँगै पाँचपोखरी थाङपाल गाउँपालिकामा आ.व. २०७५/०७६ मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि दिएको अख्तियारी अनुसारका कार्यक्रमहरु सञ्चालनमा आएका छन् । यस आर्थिक वर्षमा गाउँपालिकामा सञ्चालन भएका कार्यक्रम तथा कार्यक्रमको उपलब्धिहरु निम्न अनुसार रहेको छ ।

### ५.१ रोजगार सेवा केन्द्रको स्थापना:

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र रहने व्यवस्था गरे अनुरुप पाँचपोखरी थाङपाल गाउँपालिकामा २०७५ फाल्गुण २६ गते रोजगार संयोजक हाजिर भए पश्चात कार्यक्रम कार्यान्वयनको सुरुवात भएको हो । कार्यक्रम सञ्चालनका लागि केन्द्रले गाउँपालिकामा गरेको परिपत्र अनुसार रोजगार सेवा केन्द्रको स्थापना गरिएको छ । रोजगार सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कार्यालय सामग्री खरिद गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उपलब्ध गराएको अनुदान रकम बाट आवश्यक साग्रीहरु खरिद गरि नियमित रुपमा कार्यालय सञ्चालन भैरहेको छ ।


### ५.२ बेरोजगार ब्यक्तिहरुको तथ्यांक संकलन:


प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिकामा भएको व्यवस्था अनुसार २०७५ चैत्र १ गते देखि एक महिनाभर गाउँपालिकामा रहेका बेरोजगार ब्यक्तिहरुले आफु स्थाई बसोवास गरेको वडा कार्यालयमा गई बेरोजगार दर्ताका लागि निवेदन दिन स्थानीय सञ्चार माधयमहरुबाट सूचना प्रकाशन गरिएको थियो । सरकारले बेरोजगार दर्ता कार्यलाई एक महिना म्याद थप गरेकोले यस गाउँपालिकामा पनि २०७६ बैशाख मसान्त सम्म बेरोजगार ब्यक्तिको सूचिकरणका लागि वडा कार्यालय मार्फत निबेदन संकलन गर्ने कार्य भयो । उक्त अवधिमा यस गाउँपालिकाको विभिन्न वडामा गरि ***कुल १७५६ जनाले*** आफु बेरोजगारमा सूचिकृत हुनका लागि निवेदन दिएका छन भने यस गाउँपालिकाको वडा नं. ३, भोताङ बाट बेरोजगार दर्ताका लागि कुनै पनि निबेदन परेको थिएन । यस आर्थिक वर्षमा बेरोजगार दर्ताका लागि वडा कार्यालयमा निवेदन दिनेहरुको संख्या निम्न अनुसार रहेको छ ।

**वडागत रुपमा बेरोजगार दर्ताका लागि प्राप्त निविदनहरुको विवरण:**

| क.स | वडा नं. | महिला पुरुष | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | वडा नं. १ | ८२ | १९ | १०१ |
| २ | वडा नं. २ | ५२ | १४८ | २०० |
| ३ | वडा नं. ३ | ० | ० | ० |
| ४ | वडा नं. ४ | ७५ | १०१ | १७६ |
| ५ | वडा नं. ५ | २७ | ५० | ७७ |
| ६ | वडा नं. ६ | १२१ | ३६९ | ४९० |

| | | | | |
|---|---|---|---|---|
| ७ | वडा नं. ७ | १९६ | २८९ | ४८५ |
| ८ | वडा नं. ८ | ७८ | १४९ | २२७ |
| | जम्मा | ६३१ | ११२५ | १७५६ |




## ५.३ कार्यक्रम सम्वन्धि अभिमुखिकरण:

पाँचपोखरी थाङपाला गाउँपालिकामा कार्यक्रमको शुभारम्भ भए पश्चात कार्यक्रम सञ्चालन प्रक्रिया तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको आधारभुत अवधारणाको बारेमा गाउँकार्यपालिकाका सदस्यहरुलाई जानकारी गाउने उदेश्यले अभिमुखिकरण कार्यक्रम गरिएको थियो । कार्यक्रममा निम्न विषयमा प्रस्तुती तथा छलफल भएको थियो ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम के हो र कार्यक्रम सञ्चालन प्रक्रिया कस्तो हुन्छ ?
- रोजगार सेवा केन्द्र के हो ?
- रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकार ?
- बेरोजगार व्यक्ति को हुन र बेरोजगार दर्ता प्रक्रिया के हो ?
- बेरोजगार व्यक्तिले के कस्तो सेवा सुविधा पाउछन ?
- प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा गाउापालिकाको के कस्तो भुमीका रहने गर्दछ ?
- सूचिकृत बेरोजगार व्यक्तिले रोजगारी पाउने प्रक्रिया के हो ?
- कार्यक्रम कार्यान्वयनमा वडा कार्यालयको भुमीका के रहन्छ ?

## ५.४ स्थानीय निर्देशक समितिको बैठक:

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन निर्देशिकामा व्यवस्था भए अनुसार गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा २ वटा स्थानीय निर्देशक समितिको बैठक बसी कार्यक्रम सञ्चालनका लागि बेरोजगार ब्यक्तिहरुको सुचिकरण, रोजगारमुलक आयोजनाको छनोट, आयोजना

सञ्चालनका लागि वडा तथा प्राविधिक कर्मचारीहरुको परिचालन र आयोजना सञ्चालनका लागि आवश्यक समन्वय गर्ने सम्वन्धमा विविध निर्णय गरिएको छ । स्थानीय निर्देशक समितिमा अध्यक्षले मनोनयन गरेको २ जना वडा अध्यक्षहरु सदस्य रहने प्रावधान रहे अनुसार बडा नं. २ का वडा अध्यक्ष श्री पासाङ लामा र वडा नं. ८ का वडा अध्यक्ष श्री विष्णु वहादुर खड्कालाई स्थानीय निर्देशक समितिको सदस्यमा मनोनयन गरिएको छ भने रोजगार संयोजकलाई समितिको आमन्त्रीत सदस्यको रुपमा मनोनयन गरिएको छ ।

### ५.५ कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन:

पाँचपोखरी थाङपाल गाउँपालिकामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार सेवा केन्द्रमा सूचिकृत हुनका लागि निवेदन दिएका र सुचिकृत भएका बेरोजगार व्यक्रिहरुका लागि न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले यस आ.व आ.व. २०७५/०७६ मा गाउँपालिकालाई शसर्त अनुदान अन्तरगत रु २९ लाख उपलब्ध गराइएको थियो । उक्त विनियोजित रकम ***कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६*** अनुसार खर्च गर्ने गरि अख्तियारी प्राप्त भएको थियो । संघीय सरकारबाट प्राप्त उक्त अख्तियारी अनुसार कामका लागि पारिश्रमीकमा आधारीत योजना कार्यान्वयनका लागि निम्न अनुसार प्रक्रिया अवलम्बन गरिएको थियो ।

### ५.५.१ आयोजनाको छनोट:

कामका लागि पारिश्रमीकमा आधारीत आयोजना सञ्चालन गर्न प्राप्त अख्तियारी अनुसार यस गाउँपालिकामा सम्भाव्य आयोजना छनोट गर्न कार्यपालिकाका सदस्यहरु विच आयोजनाको सञ्चालन प्रक्रिया तथा कार्यविधिको वारेमा छलफल गरि वडा कार्यालयलाई सम्भाव्य आयोजनाहरु शिफारीस गर्न जिम्मेवारी दिइएको थियो । वडाबाट शिफारीस भै आएका आयोजनाहरु लाई स्थानीय निर्देशक समितिले अध्यन गरि कुल १८ वटा आयोजना छनोट गरिएको थियो । उक्त आयोजना कार्यान्वयन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमको **कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना** (**सञ्चालन तथा व्यवस्थापन**) **कार्यविधि २०७६** अनुसार गर्ने गरि निम्न अनुसार उललेखित आयोजनाका लागि वजेट विनियोजन भएको थियो ।

| क्र.स | योजनाको नाम | वडा नं. | स्विकृत रकम |
|---|---|---|---|
| १ | धार्ना सिंचाई मर्मत | १ | ३,००,०००।०० |
| २ | साङ्गेछोलिङ गुम्वा तथा घ्याङटोल पहिरो नियन्त्रण | २ | २,००,०००।०० |
| ३ | बोलगाउँ वस्ती पहिरो नियन्त्रण | २ | २,००,०००।०० |
| ४ | पत्रेखोला देखि हाँडिखोला सम्म सडक मर्मत | ५ | २,००,०००।०० |
| ५ | श्री कुम्भेश्वरी आधारभुत विध्यालय मर्मत | ५ | १,००,०००।०० |
| ६ | कमेरेखानी सिंचाईकुलो मर्मत | ८ | २,००,०००।०० |
| ७ | खाल्डे अखेनी कोटगाउँ नागिडाडा सडक मर्मत | ८ | २,००,०००।०० |

| | | | |
|---|---|---|---|
| ८ | छिम्ती कुलो मर्मत | ४ | २,००,०००।०० |
| ९ | कञ्चननगर माने मर्मत | ४ | १,००,०००।०० |
| १० | देविथान मन्दीर मर्मत | ४ | १,००,०००।०० |
| ११ | हाँडिखोला देखि खरघारी हुँदै विरौटा जाने गोरेटो बाटो मर्मत | ६ | १,००,०००।०० |
| १२ | गैरीटोल अम्दुर्गे गुम्वा हुँदै चौरसम्म सडक मर्मत | ६ | २,००,०००।०० |
| १३ | मेघा बैंक देखि गोल्मेश्वर मन्दिर सम्म कृषि कुलो मर्मत | ६ | १,००,०००।०० |
| १४ | सान्देखोला सिंचाई कुलो मर्मत | ६ | १,००,०००।०० |
| १५ | चिलाउनेमुहान ककनी सिंचाईकुलो मर्मत | ६ | ५०,०००।०० |
| १६ | मकर कुलो मर्मत | ७ | २,००,०००।०० |
| १७ | कार्कीमाने कुलो मर्मत | ७ | २,००,०००।०० |
| १८ | पार्किङ पुच्छर कुलो मर्मत | ७ | १,५०,०००।०० |
| | **जम्मा** | | **२९,००,०००।००** |

### ५.५.२ प्राविधिकहरुलाई अभिमुखिकरण:

कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोगका लागि स्थानीय निर्देशक समितिको बैठकको निर्णय अनुसार सम्वन्धित वडामा कार्यरत रहेका प्राविधिक कर्मचारीहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम केहो, कार्यक्रम सञ्चालन प्रक्रिया के कस्तो रहेको छ र कामका लागि पारिश्रमीकमा आधारीत आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको वारेमा जानकारी गराएने उद्देश्यले गाउँपालिकामा अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको थियो । अभिमुखिकरण पश्चात प्राविधिकहरुलाई आयोजनाको प्राविधिक स्टीमेट तयारी, आयोजना अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन तयारीका लागि परिचालन गरिएको थियो । वडा स्तरमा रहेका प्राविधिकहरुले आफु कार्यरत रहेका वडा कार्यालयमा स्विकृत आयोजना कार्यानवयनका लागि सहजिकरण गरेका थिए भने निर्देशिकामा व्यवस्था भए अनुसारको प्राविधिक खर्च उक्त कर्मचारीहरुलाई उपलब्ध गराएएको थियो ।

### ५.५.३ कामदार अभिमुखिकरण:

रोजगार सेवा केन्द्रमा सुचिकृत भई वडा स्तरमा छनोट भएका आयोजना कार्यान्वयनका लागि छनोट गरिएका कामदारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन प्रक्रियाको बारेमा जानकारी गराई कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिमा रहेका प्रावधानको जानकारी गराउने र आयोजना कार्यान्वयनका लागि स्थानीय स्तरमा श्रमीक समुह गठन तथा श्रमीक समुहमा एकजना टोलीनेता छनौट गर्ने उद्देश्यले आयोजना गरिएको यस अभिमुखिकरण कार्यक्रममा कार्यक्रम सञ्चालन हुने ७ वटा वडाका कुल २८५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको मुख्य उपलब्धीहरु निम्न अनुसार रहेको छ ।

- गाउपालिकाको वडा स्तरमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सुचिकृत बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन प्रक्रियाको वारेमा जानकारी गराइएको ।
- कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को मुख्य प्रावधानहरु, योजना कार्यान्वयन प्रक्रिया, कामदारको श्रमीक समुह गठन तथा कामदारको भुमीका, योजनाको भुक्तानी प्रक्रिया आदिको वारेमा कामदार तथा सुचिकृत वेरोजगारहरुलाई जानकारी भएको छ ।
- आयोजना सञ्चालनमा सहजीकरणका लागि श्रमीक समुह गठन गरि टोलीनेताको छनौट गरिएको छ ।


आयोजना सञ्चालनका लागि विभिन्न वडामा भएको अभिमुखिकरण कार्यक्रमको झलकहरु तल प्रस्तुत गरिएको छ ।




विभिन्न वडामा भएको कामदार अभिमुखिकरणको झलकहरु

## ५.५.४ आयोजना कार्यान्वयन:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन गर्न स्थानीय निर्देशक समितिले छनोट गरेका आयोजनाहरुलाई आयोजनाको कामको प्रकृतिका आधारमा कुल १८ वटा आयोजनालाई सिंचाई कुलो मर्मत, सडक मर्मत, भवन निर्माण तथा पर्यटन प्रवर्द्धन र तटवब्ध तथा बाँध निर्माण गरि ४ समुहमा विभाजन गरि कायान्वयन गरिएको छ। सञ्चालन भएका आयोजनाहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ। आ.व २०७५/०७६ मा गाउँपालिकामा सञ्चालन भएका आयोजनाहरुबाट **कुल २२८ जना लाई औषत १३ दिनको** रोजगारी रोजगारी उपलब्ध भएको छ। आयोजनाबाट प्राप्त रोजगारीको विवरण तलको चार्टमा उल्लेख गरिएको छ भने समुहगत रुपमा सञ्चालन भएका आयोजनाहरुको विवरण तल प्रस्तुत गरिएको छ।




## क) सिंचाई कुलो मर्मत:

गाउँपालिकाको विभिन्न वडाले सिफारीस गरेका योजनाहरुका आधारमा यस आ.व मा ९ वटा सिंचाई कुलो मर्मत आयोजना कायान्वयन गरिएको छ। कार्यान्वयन भएका आयोजनाहरु मध्ये वडा नं. १ मा १ वटा, वडा नं. ४ मा १ वटा, वडा नं. ६ मा ३ वटा, वडा नं. ७ मा ३ वटा र वडा नं ८ मा १ वटा रहेको छ। उक्त आयोजना कार्यान्वयन गर्ने क्रममा कुल ११५ जना कामदारलाई औषत १३ दिनको रोजगारी प्रदान गरिएको थियो। विभिन्न आयोजनामा काम गरेका कामदार तथा काम गरेको दिन निम्न अनुसार रहेको छ।

| क्र.स | योजनाको नाम | वडा नं. | जम्मा काम गरेको दिन | कामदार संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | धार्ना सिंचाई मर्मत | १ | २० | ४ | १२ | १६ |
| २ | कमेरेखानी सिंचाईकुलो मर्मत | ८ | १५ | ३ | ९ | १२ |
| ३ | छिम्ती कुलो मर्मत | ४ | १५ | ४ | ६ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मेघा बैंक देखि गोल्मेश्वर मन्दिर सम्म कृषि कुलो मर्मत | ६ | १० | ५ | ५ | १० |
| ५ | सान्देखोला सिंचाई कुलो मर्मत | ६ | ८ | ४ | १० | १४ |
| ६ | चिलाउनेमुहान ककनी सिंचाईकुलो मर्मत | ६ | ८ | १ | ६ | ७ |
| ७ | मकर कुलो मर्मत | ७ | १६ | ६ | ७ | १३ |
| ८ | कार्कीमाने कुलो मर्मत | ७ | ११ | ९ | १० | १९ |
| ९ | पार्किङ पुच्छर कुलो मर्मत | ७ | १२ | ५ | ९ | १४ |
| | **जम्मा** | | | ४१ | ७४ | ११५ |

उल्लेखित आयोजनाहरुको कामको झलक निम्न अनुसार रहेको छ ।




## ख) सडक मर्मत:

सडक मर्मत अन्तरगत यस गाउँपालिकामा विभिन्न वडाले शिफारीस गरेका ४ वटा योजनाहरु सञ्चालन भएका छन् । सञ्चालन भएका योजनाहरुमा वडा नं. ५ मा १ वटा, वडा नं. ६ मा २ वटा र वडा नं. ८ मा १ वटा रहेको छ । उक्त आयोजनाहरुमा कुल ६४ जना कामदारले औषत १३ दिनको

रोजगारी प्राप्त गरेका छन् । विभिन्न आयोजनामा काम गरेका कामदार तथा काम गरेको दिन तल उललेख गरिएको छ ।

| क्र.स | योजनाको नाम | वडा नं. | जम्मा काम गरेको दिन | कामदार संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | पत्रेखोला देखि हाँडिखोला सम्म सडक मर्मत | ५ | १५ | ६ | ८ | १४ |
| २ | खाल्डे अखेनी कोटगाउँ नागिडाडा सडक मर्मत | ८ | १५ | १० | ६ | १६ |
| ३ | हाँडिखोला देखि खरघारी हुँदै विरौटा जाने गोरेटो बाटो मर्मत | ६ | १० | ६ | ५ | ११ |
| ४ | गैरीटोल अम्दुर्गे गुम्वा हुँदै चौरसम्म सडक मर्मत | ६ | १० | ८ | १५ | २३ |
| | जम्मा | | | ३० | ३४ | ६४ |

विभिन्न आयोजनाहरुमा सडक मर्मत अन्तरगत भएको कामको झलकहरु निम्न अनुसार रहेको छ ।




## ग) भवन मर्मत तथा पर्यटन प्रवर्द्धन:


स्विकृत आयोजनाहरु मध्ये ३ वटा आयोजनाहरु भवन मर्मत तथा पर्यटन प्रवर्द्धन अन्तरगत रहेका छन् । जसमा वडा नं. ५ मा विद्यालय भवन मर्मत र वडा नं. ४ मा पर्यटन प्रवर्द्धन अन्तरगत २ वटा मन्दिर

तथा माने मर्मत रहेको छ। उक्त आयोजनाहरुमा कुल २१ जना कामदाले औषत १५ दिनको रोजगारी प्राप्त गरेका छन्। विभिन्न आयोजनामा कामगर्ने कामदार संख्या तथा काम गरेको दिन निम्न अनुसार रहेको छ।

| क्र.स | योजनाको नाम | वडा नं. | जम्मा काम गरेको दिन | कामदार संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | श्री कुम्भेश्वरी आधारभुत विध्यालय मर्मत | ५ | १५ | २ | ५ | ७ |
| २ | कञ्चननगर माने मर्मत | ४ | १५ | ३ | ४ | ७ |
| ३ | देविथान मन्दीर मर्मत | ४ | १५ | २ | ५ | ७ |
| | **जम्मा** | | | **७** | **१४** | **२१** |

भवन मर्मत तथा  पर्यटन प्रवर्द्धन अन्तरगत सञ्चालन भएका योजनाहरुको केही झलकहरु तल प्रस्तुत गरिएको छ।


कुम्भेश्वरी आ.वि मर्मत


कञ्चननगर माने मर्मत


देविथान मन्दीर मर्मत

भवन मर्मत तथा पर्यटन प्रवर्द्धन अन्तरगत भएका योजनाहरुको झलकहरु झलकहरु

## घ) बाँध तथा तटवन्ध निर्माण:

कार्यक्रम अन्तरगत स्विकृत २ वटा आयोजनाहरु बाँध तथा तटवन्ध निर्माण अन्तरगत रहेका छन् । यस किसिमका आयोजना अन्तरगत वडा नं २ मा रहेको २ वटा पहिरो नियन्त्रणका आयोजनाहरु रहेका छन् । आयोजनाका कुल २८ जना कामदारले औषत १५ दिनको रोजगारी प्राप्त गरेका छन् । आयोजनामा परिचालन भएका कामदार तथा काम गरेको दिन निम्न अनुसार रहेको छ ।

| क्र.स | योजनाको नाम | वडा नं. | जम्मा काम गरेको दिन | कामदार संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | साङ्गेछोलिङ गुम्वा तथा घ्याङटोल पहिरो नियन्त्रण | २ | १५ | १ | १३ | १४ |
| २ | बोलगाउँ वस्ती पहिरो नियन्त्रण | २ | १५ | ३ | ११ | १४ |
| | **जम्मा** | | | ४ | २४ | २८ |

बाँध तथा तटवन्ध निर्माण अन्तरगत भएका कामको झलकहरु तल प्रस्तुत गरिएको छ ।







बाँध तथा तटवन्ध निर्माण अन्तरगत भएका योजनाहरुको झलकहरु

## ५.५ कार्यक्रमको अनुगमन:

यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका कार्यक्रमहरुको अनुगमनमा वडाका निर्वाचित जनप्रतिनीधि, प्राविधिक कर्मचारी, गाउपालिका तथा रोजगार सेवा

केन्द्रबाट भएको छ। कार्यक्रम सञ्चालन गर्ने क्रममा वडा कार्यालयले कामदार तथा रोजगार सेवा केन्द्र बिच समन्वय गरि कार्यक्रम सञ्चालनमा सहजिकरण गरिएको थियो । सञ्चालन भएका आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजनामा विनियोजन गरिएको रकमको तुलनामा उल्लेखनीय काम भएको, स्थानीयहरु कामगर्नका लागि उत्प्रेरीत रहेको र आगामी दिनमा गाउँपालिकाले पनि यो मोडलमा आयोजना सञ्चालन गर्नुपर्ने धारणा व्यक्त भएको छ। आयोजनाको लागि अख्तियारी ढिला आएकोले योजना सञ्चालनमा हतार भएको र आगामी दिनमा यस कुरालाई सुधार गर्नुपर्ने सुझाव प्राप्त भएको छ।

### ५.६ कामदारको बैंक खाता सञ्चालन:

प्रधानमन्त्री रोजगार कार्यक्रमले कामदारको ज्याला भुक्तानी बैंकखाता मार्फत गर्नुपर्ने प्रावधान राखेको थियो । सोही अनुसार आयोजनामा कामगर्ने २२८ जना कामदारहरुको ***मेघा बैंक नेपाल पाँचपोखरी शाखामा*** शुन्य मौजदातमा खाता खोलिएको छ। कामदारको बैंक खाता खोल्न बैंक सँग समन्वय गरि आयोजना सञ्चालन गर्ने वडा कार्यालयमा नै कामदारले खाता खोल्ने व्यवस्था गरि बैंकको तर्फबाट पनि आयोजना सन्चालनमा सहजिकरण गरिएको थियो। आयोजना सम्पन्न पश्चात सबै कामदारको खातामा उनीहरुले काम गरेको दिन अनुसारको पारिश्रमीक भुक्तानी भैसकेको छ।

### ५.७ गाउँपालिकाको लागत साझेदारी:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनोट भएका कतिपय आयोजना कार्यान्वयन गर्नका लागि आवश्यक निर्माण सामग्री कार्यक्रमको मापदण्ड अनुसार खरिद गर्दा आयोजना कार्यान्वयन गर्न नसकिने अवस्था रहेकोले त्यस्ता आयोजना कार्यान्वयनका लागि गाउँपालिकाको लागत साझेदारीमा निर्माण सामग्री खरिद गरिएको थियो। यस आ.व मा गाउँपालिकाको लागत साझदारीमा २ वटा आयोजना कार्यान्वयन गरिएको छ। जसमा बोलगाऊँ वस्ती पहिरो नियन्त्रण आयोजनाका लागि गाउँपालिकाले ३० थान जाली उपलब्ध गराएको थियो भने मेघा बैंक देखि गोल्मेश्वर मन्दिर सम्मको कृषिकुलो मर्मतका लागि ५० मिटर पाइप उपलब्ध गराईएको थियो । उक्त आयोजना सञ्चालनका लागि गाउँपालिकाबाट रु. २,६०,०००।०० बरावरको निर्माण सामग्री खरिदका लागि लागत साझेदारी भएको छ।

## ६. कार्यक्रमको खर्च व्यवस्थापन:

यस आ.व मा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि चालु तथा पुंजीगत गरि श्रम रोगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत शसर्त अनुदान वापत कुल रकम रु. ३४,१८,०००।०० प्राप्त भएकोमा कुल रु. ३१,६६,४१६।०० खर्च भएको छ। कार्यक्रम सञ्चालन गर्दा कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार को मापदण्डका आधारमा खर्च व्यवस्थापन गरिएको छ। गाउँपालिकामा

आ.व २०७५/०७६ मा प्राप्त अनुदान रकम तथा खर्चको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

### वित्तिय प्रगति विवरण

### आ.व. २०७५/७६


**स्थानीय तहको नाम: पाँचपोखरी थाङपाल गाउँपालिका**

**जिल्ला: सिन्धुपाचोक**

| वजेट शिर्षक | प्राप्त अनुदान | खर्च रकम | बाँकी | कैफियत |
|---|---|---|---|---|
| तलव | १४००००.०० | १४५२००.०० | (५२००।०० | |
| स्थानीय भत्ता | ६०००.०० | ५६२५.०० | ३७५।०० | |
| कार्यक्रम खर्च | ३०५०००.०० | ३०१३२५.०० | ३६७५।०० | |
| विविध | ३००००.०० | ३००००.०० | ०।०० | |
| अनुगमन | ५०००.०० | ४५००.०० | ५००।०० | |
| कार्यालय संचालन खर्च | ३२०००.०० | ३२०००.०० | ०।०० | |
| **कूल** | ५१८०००।०० | ५१८६५०।०० | (६५०।०० | |
| **कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रमका लागि सशर्त अनुदान** | | | | |
| **वजेट शिर्षक** | **प्राप्त अनुदान रकम** | **खर्च शिर्षक** | **खर्च भएको रकम** | **कैफियत** |
| ज्याला रकम | २०३००००.०० | ज्याला रकम | २०२०९३५.०० | |
| निर्माण सामाग्री खरिद | ७२५०००.०० | निर्माण सामाग्री खरिद | ४८२०३१.०० | |
| हाते औजार खरिद | ८७०००.०० | हाते औजार खरिद | ८७०००.०० | |
| अन्य खर्च | ५८०००.०० | अन्य खर्च | ५७८००.०० | |
| **कूल प्राप्त अनुदान रकम (क)** | २९०००००।०० | **कूल खर्च (ख)** | २६४७७६६.०० | |
| | | **बाँकी रकम (क-ख)** | २५२२३४.०० | |

कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ ले आयोजनाको रकम खर्च गर्नका लागि निश्चित मापदण्ड निर्धारण गरेको छ। सोही मापदण्डका

आधारमा यस गाउँपालिकामा आयोजना सञ्चालन गर्न प्राप्त अनुदान रकमको खर्च संरचना तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## ७. कार्यक्रमको निश्कर्ष तथा सुझाव:

नेपाल सरकारको हरेक नागरिकलाई रोजगारी अवसर सिर्जना गर्ने सोच अनुसार सञ्चालनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम यस पाँचपोखरी थाङपाल गाउँपालिकामा निर्धारीत समयमा नै सञ्चालनमा आएको छ । कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग उपलब्ध गराएको छ । कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिकामा रहेका वेरोगारहरुको तथ्यांक संकलन गर्ने र सूचिकृत बेरोजगारहरुलाई रोजगारी उपलब्ध गराउने रहेको छ । यस आ.व मा गाउँपालिकामा कुल १७५६ जनाले बेरोजगारीको सूचिमा सुचिकृत हुनका लागि निवेदन दिएका छन् । गाउँपालिकामा रोजगारमुलक आयोजना सञ्चालन गर्न प्राप्त अनुदानबाट आ.व २०७५/०७६ मा कुल २२८ जनाले औषत १३ दिनको रोजगारी प्राप्त गरेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने क्रममा विभिन्न वडामा सञ्चालन गरिएका आयोजनाहरुले स्थानीय तहमा रोजगारी सिर्जना हुनुका साथै काम गर्दा कोही सानो हुँदैन भन्ने भावनाको विकास भएको छ । आयोजनामा कामगर्ने कामदारहरुको ज्याला भुक्तानी बैंक मार्फत हुँदा सरकारको *एक नागरीक एक बैंक खाता*को अभियानलाई समेत सहयोग पुग्ने र आयोजनामा काम गर्ने बास्तविक कामदारको रकम सम्वन्धित व्यक्तिले एकमुष्ठ रुपमा पाउने हुँदा परिवारमा उक्त रकमले सानोतिनो कामगर्नमा समेत टेवा पुग्ने अवस्था रहेको छ ।

छोटो समयमा सञ्चालन गरिएको कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना कार्यान्वयन गर्ने क्रममा गरिएको काम, कामदारको भुक्तानी प्रक्रिया तथा आयोजना सञ्चालनका लागि

खर्चको सिमा कार्यविधिमा नै उल्लेख भएकोले आयोजनाका लागि विनियोजित रकम कहाँ कहाँ खर्च भयो भन्नेकुरा हरेक कामदारलाई जानकारी हुने र आयोजना पुर्ण रुपमा पारदर्शि हुने कामदार तथा अन्यको भनाई रहेको छ । यस आ.व मा सञ्चालन गरिएका आयोजनाहरुको अनुगमन पश्चात गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरु समेत यहि मोडलमा सञ्चालन गर्नुपर्ने धारणा विभिन्न वडाहरुबाट आएको छ। गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरुमा समेत बढी भन्दा बढी रोजगारी सिर्जना गर्ने गरि गाउँपालिकाको छुट्टै कार्यविधि तयारीको क्रममा रहेको छ।

कार्यक्रम सञ्चालन गर्ने क्रममा कार्यक्रमका धेरै सकारात्मक पक्षहरु भएको भए पनि कतिपय अवस्थामा आगामि दिनमा आयोजना सञ्चालन गर्दा निम्न कुराहरु सुधार गर्नुपर्ने सुझावहरु प्राप्त भएका छन् ।

- कामका लागि पारिश्रमीकमा आधारीत आयोजनाहरु कार्यान्वय गर्दा आर्थिक वर्षको अन्तिम तिर योजना सञ्चालन गर्ने परिपाटीको अन्त्य गरिनु पर्दछ।
- आयोजना सञ्चालन गर्दा कतिपय आयोजनामा कार्यविधिले निर्धारण गरेको २५% रकमले निर्माण सामग्री नपुग्ने हुँदा आयोजनाको प्रकृति र प्राविधिकको स्टीमेटका आधारमा निर्माण सामग्री खरिद गर्ने व्यवस्था हुनु पर्दछ।
- आयोजनाको अनुगमन गर्नका लागि वडाका जनप्रतिनीधिहरुलाई मुख्य जिम्मेवार बनाउनु पर्दछ र अनुगमनको क्रममा हुने सामान्य खर्चको व्यवस्थापन आयोजनाबाट गरिनु पर्दछ।
- आयोजना कार्यान्वयन गर्नका लागि प्राविधिक स्टीमेटको आधारमा कामदारले गर्नुपर्ने कामको बारेमा अग्रिम जानकारी गराई कामको विस्तृत जानकारी गराउनु पर्दछ । यसरी कामदार परिचालन गर्दा कामदारको हाजिरी भन्दा पनि निर्धारित काम सम्पन्न भयपछि भुक्तानी गर्दा अझ प्रभावकारी रुपमा काम हुने देखिन्छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रारम्भ गर्दा समुदायमा यो कार्यक्रमलाई बेरोजगारलाई भत्ता वितरण गर्ने कार्यक्रममा बुझिएको भए पनि छोटो समयमा सञ्चालन भएका कार्यक्रमहरुबाट कार्यक्रम बेरोजगारलाई रोजगारी दिने कुरामा प्रभावकारी हुने अपेक्षा गरिएको छ।